जनहितमा जारी

मानिस-मानिसबीच ३ फिटको दूरी अवश्य कायम गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुनसक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ असोज १२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // September 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ४१

## गर्भवती कोरोना पुष्टि, अस्पताल नपाएर घरमैं छटपटाउँदै

राधेश्याम पटेल, वीरगंज, ११ असोज/

वीरगंजमा २६ वर्षीया गर्भवती महिलामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नारायणी अस्पताल प्रयोगशालामा शनिवार भएको पिसिआर परीक्षणमा ९ महीनाकी गर्भवती महिलामा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

साबिक पोखरिया नगरपालिका–७ रानीगंज, हाल वीरगंज–२४ रामगढवा (रानीघाट पुलनजीक) बस्ने २६ वर्षीया गर्भवती महिलामा कोरोना सङ्क्रमण पुष्टि भएको निजका दाइले जानकारी गराएका छन् । ६ वर्ष पहिले तिनको भारत, रक्सौल, सहदेवा गाउँमा विवाह भएको थियो । सङ्क्रमित महिला र निजका पति दुवैजना दाइको रामगढवास्थित घरमा लकडाउनदेखि नै बस्दै आएका छन् ।

शनिवार बिहान अचानक सास लिन समस्या भएपछि सीता हस्पिटलकी स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा नीलम चौरसियाको क्लिनिकमा लगिएको थियो। बिहान लैजाँदा अस्पतालका स्वास्थ्यकर्मीसँग सोधपूछ गर्दा उनलाई फिजिशियनसँग चेकअप गराउन डा चौरसियाले सल्लाह दिइन्। डा नीलमले उनको शुरूदेखि उपचार गर्दै आएकीले उनैसँग उपचार गराउने परिवारको सोच थियो । उनले फिजिशियनसँग उपचार गराउन सुझाव दिएपछि नजीकै रहेको एडभान्स अस्पतालमा साढे ८ बजे परीक्षण गराउँदा चिकित्सकले उनको रगत जाँच र एक्स–रे गर्न अऱ्हाए।

बिहान साढे ११ बजेसम्म सबै रिपोर्ट देखाउँदा चिकित्सकले छातीमा निमोनिया



घरमैं उपचार गराउँदै गर्भवती महिला । तस्वीरः प्रतीक

भएकोले तत्काल नारायणी अस्पतालमा पिसिआर परीक्षण गर्न पठाए । स्वाब परीक्षणमा रिपोर्ट पोजेटिभ आयो । त्यसपछि नारायणी अस्पतालका चिकित्सकहरूले भर्ना गर्न नमिल्ने र वीरगंज हेल्थकेयर तथा गण्डक कोभिड अस्पतालहरू पनि बन्द भइसकेकाले घर लैजान उचित देखेर घर लान भने ।

तर सङ्क्रमित महिलाका दाइले आफ्नै ईरिक्सामा राखेर जिल्ला प्रहरी कार्यालय पर्साको गेट पुगे, तर पनि कसैले सहयोग गरेनन्। पीडित महिलाका दाइले एसपी/डिएसपीलाई बोलाइदिन्, बहिनीलाई कोभिड अस्पतलामा भर्ना गराइदिनु भनी विलाप गरिरहँदा पनि कसैले उनको वेदना सुनेन। गेटको सेन्ट्री पुलिसले पोजेटिभ केस यहाँ किन ल्याएको, अस्पताल लैजानु भनी धपाए ।

नेशनल मेडिकल कलेजको कोभिड अस्पतालमा लैजान तयारी गरे पनि त्यहाँ भर्ना गर्न नमिल्ने भएपछि उनी घर फिर्ता हुन बाध्य भइन्। घरमा राति अक्सिजन लगाएर राखिएको थियो। माटोको भाँडो बनाएर घर गुजारा चलाउने दाइको मन छटपटिरहेको थियो। सङ्क्रमित बहिनीको ४ वर्षे छोरा पनि छ।

"गर्भवती महिला सङ्क्रमित भएपछि उपचारको लागि कहीं अस्पताल खाली छैन, बेड पाइएन" –उनले भने– "उपचार नपाएर केही गलत भयो भने जिम्मेवारी कसले लिने ?" वीरगंजमा ७० शय्या क्षमताको नेशनल मेडिकल कलेजका फोकल पर्सन डा. अशरफ हुसैनसँग कुरा गर्दा कोभिड अस्पताल सञ्चालन गर्ने बेला स्थानीय प्रशासनसँग गर्भवती, डायलासिस र शल्यक्रिया गर्ने खाले सङ्क्रमितको भर्ना र उपचार गर्न असमर्थ हुने जानकारी गराइसकिएकोले भर्ना नलिएको बताए । कोभिड अस्पताल सञ्चालन भएर पनि सङ्क्रमितको उपचार नहुनु र भर्ना नलिनु स्वास्थ्य सेवा एवं अस्पताल प्रशासनको चरम लापरवाही हो ।

यस विषयमा नारायणी अस्पतालका चिकित्सक डा उदयनारायण सिंहसँग बुझ्दा नारायणी अस्पताल कोभिड अस्पताल नरहेको र कोरोना सङ्क्रमण पुष्टि भएका व्यक्तिलाई कोभिड अस्पतालमा रेफर गर्दै आएको बताए । उनले हालको अवस्थामा नेशनल मेडिकल कलेजको कोभिड अस्पतालमैं भर्ना गरी उपचार गर्नु उपयुक्त हुने सुझाव दिए । "गर्भवतीलाई भर्ना गरी निमोनिया ठीक गर्नु छ, शल्यक्रिया गरी प्रसूति गराउनु छैन, कोभिड अस्पतालले भर्ना गर्नु ठीक होला" –उनले भने। यस विषयमा पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङसँग बुझ्दा उनले घटनाबारे जानकारी भएको र गर्भवतीको नारायणी अस्पतालमा उपचार गर्न अस्पताल प्रशासनलाई निर्देशन दिइसकेको जानकारी गराए । "मैले पनि सुनेको छु, नारायणीका डाक्टरहरूलाई भनेको छु, तत्काल अस्पताल ल्याएर भर्ना गरी उपचार गर्नुहोस्, उपचार नपाएर कसैको ज्यान जानुहुँदैन ।"

## राजमार्गमा टेन्ट गाडेर उखु किसानको प्रदर्शन

प्रस, गरुडा, ११ असोज/

उखु किसानहरूले भुक्तानी माग गर्दै



तस्वीरः प्रतीक

राजमार्ग नै अवरुद्ध पारेर दुई दिनदेखि सडकमा प्रदर्शन गर्दै आएका छन् । रौतहटको गरुडास्थित श्रीराम सुगर मिल्सले गत आर्थिक वर्षसम्म किसानसित किनेको उखुको मूल्य भुक्तानीको माग गर्दै तीन दिने चक्काजाम घोषणा गरी उखु उत्पादक सङ्घ रौतहटले आन्दोलन गरिरहेको छ ।

शनिवार एक घण्टा चक्काजाम गरेका उखु किसानहरूले आइतवार दुई घण्टा सडक अवरुद्ध पारेका थिए ।

उखु किसानहरूले जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई ज्ञापनपत्र बुझाउँदै तीन सूत्रीय माग तीन दिनभित्र पूरा गराउन सकारात्मक पहल गर्न आग्रह गरेका थिए । तीन दिनभित्र माग पूरा गराउने पक्षमा सकारात्मक पहल नभए चक्काजाम गर्ने आन्दोलनको घोषणा गरेका थिए ।

गत आर्थिक वर्षसम्मको सम्पूर्ण रकम गरी किसानहरूले उद्योगसित लिनुपर्ने करीब ४१ करोड रुपैयाँ तत्काल भुक्तानी पाउनुपर्ने, उद्योगका श्रमिक–मजदूरहरूको उपदान, क्षतिपूर्ति तथा बीमा रकमको भुक्तानी दिनुपर्ने र उद्योग सञ्चालन गर्नुपर्ने माग राखी किसानहरूले आन्दोलन गरिरहेका छन् ।

किसानहरूको आन्दोलनमा उद्योगका मजदूरहरूको पनि समर्थन रहेको छ । यसैगरी, स्थानीय प्रमुख राजनीतिक दलको पनि किसानहरूको आन्दोलनप्रति समर्थन रहेको छ ।

किसानहरूले माग पूरा गराउन पूर्व–पश्चिम राजमार्गसित सदरमुकाम गौरलाई जोड्ने सहायक राजमार्गको गरुडास्थित श्रीराम सुगर मिल्सअगाडि मूल सडकमैं टेन्ट गाडेर चक्काजाम गर्दै आएका छन् ।

गत साउन ११ गते उद्योग प्रशासनले श्रीराम सुगर मिल्स बन्द भएको सूचना प्रकाशन गरेको थियो ।

गत वर्ष उद्योग सञ्चालनमा आउनुभन्दा पहिले उद्योग र उखु किसानबीच सबै किसिमको भुक्तानी किसानलाई २०७६ चैतभित्र दिइसक्नुपर्ने सहमति भएको उखु उत्पादक सङ्घ रौतहटका सफिन्द्रप्रसाद यादवले बताएका छन्। उद्योगले सहमति अनुसार भुक्तानी नदिएकोले आन्दोलन गर्न बाध्य भएको र सोमवारसम्म कुनै ठोस उपलब्धि नभए पूर्व घोषणा अनुसार आन्दोलनका थप कार्यक्रम घोषणा गरिने यादवले बताएका छन् ।

किसानहरूको माग सम्बोधनको लागि जिल्लादेखि केन्द्रसम्म पहल भइरहेको तर आइतवार दिउँसोसम्म ठोस उपलब्धि कतैबाट नभएको यादवको भनाइ छ ।

## विद्यालय सञ्चालन गर्न वैकल्पिक शिक्षामा पहुँच भएन

प्रमोद यादव, पंचगावाँ, ११ असोज/

पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा अहिलेसम्म वैकल्पिक माध्यमबाट अध्ययन/अध्यापन सुचारु हुन नसक्दा विद्यार्थीहरूले सिकाइ बिर्सेको अभिभावकहरूले बताएका छन् ।

सरकारले स्थानीय तह र विद्यालयले उच्च सतर्कता अपनाइ सामाजिक दूरी कायम गरेर विद्यालय वा विद्यार्थीहरू भएको टोलमा गएर शिक्षक परिचालन गरी शिक्षा परामर्श तथा वैकल्पिक उपायबाट अध्ययन अध्यापन गराउन रायसल्लाह, सुझाव सङ्कलन गर्ने क्रममा सात महीनादेखि विद्यालय बन्द हुँदा विद्यार्थीहरूले सिकाइ बिर्सेको अभिभावकहरूले बताएका थिए ।

पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा सामुदायिक तथा निजी विद्यालयहरूले वैकल्पिक प्रयोगबाट पठनपाठन गर्न नसकेको पटेर्वासुगौली गापा–५ का समाजसेवी प्रेमलाल चौधरीले बताए । ग्रामीण क्षेत्रका विद्यार्थीहरूसँग वैकल्पिक शिक्षाको लागि रेडियो, टिभी र इन्टरनेट सुविधा नभएको कारण अनलाइन शिक्षाबाट वञ्चित हुनुपरेको उनको भनाइ छ । सरकारले स्वास्थ्य सुरक्षामा आधारित रहेर वैकल्पिक शिक्षालाई निरन्तरता दिन आग्रह गरे पनि ग्रामीण क्षेत्रका विद्यार्थीहरूका लागि कुनै किसिमको कार्ययोजना बनेको छैन । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले विद्यालय सञ्चालनका लागि अभिभावकहरूसँग रायसल्लाह लिने काम भइरहेको बताएका छन् । अभिभावक र विद्यार्थीहरूले वैकल्पिक शिक्षामा पहुँच नभएको कारण विद्यालय सञ्चालन गर्न आग्रह गरेका छन् ।

यसै क्रममा जिल्लाका कतिपय विद्यालयमा शिक्षकहरूले काम शुरू गरिसकेका छन् । क्वारेन्टाइन र आइसोलेशन बनाइएका विद्यालयहरू पनि विसङ्क्रमित गर्ने काम भइरहेको छ । सरकारबाट विद्यालय सञ्चालनको प्रतीक्षामा रहेका केही प्रअले बताएका छन् । उनीहरूले विद्यालय सञ्चालनका लागि आवश्यक तयारी पूरा गरेको बताए। अहिले अधिकांश विद्यालयमा शिक्षकहरू नियमित आइसकेका छन् ।

## पर्सा, बारा, रौतहटमा १७ जना सङ्क्रमित

प्रस, वीरगंज, ११ असोज/

पर्सा, बारा र रौतहटमा १७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

नारायणी अस्पताल प्रयोगशालामा १९२ जनाको स्वाब नमूनाको पिसिआर परीक्षण गर्दा १७ जना पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बताए ।

बाराका ३, रौतहटका १ र पर्सा जिल्लाका १३ जनामा सङ्क्रमण पुष्टि भएको उनले बताए ।

पर्सा जिल्लाको कालिकामाई गाउँपालिकामा दुईजना, विन्दवासिनी गाउँपालिकामा तीनजना र वीरगंज महानगरका विभिन्न वडामा आठजना गरी पर्सामा १३ जना सङ्क्रमित भएको बताइएको छ ।

## प्रतीक दैनिकको सूचना

prateekdaily.com अबदेखि eprateekdaily.com मा अद्यावधिक (अपडेट) भइरहेको हुनाले ताजा समाचार, विचार र ई–पेपरको लागि eprateekdaily.com भिजिट गर्नुहुन अनुरोध गर्दछौं । – *प्रतीक दैनिक*

## वीरगंजमा चीनविरुद्ध प्रदर्शन

प्रस, वीरगंज, ११ असोज/

नव जनकल्याण युवा सञ्जाल पर्साले घण्टाघरमा चीनविरुद्ध प्रदर्शन गरेको छ। अतिक्रमित भूमि खाली गर्न माग गरेका थिए । कार्यक्रममा अलि हसन, विक्कीराज पटेल, नूर आलमले




तस्वीरः प्रतीक

हुम्ला जिल्लाको नाम्खा गाउँपालिका–६ लिमीको भूमि अतिक्रमण गरेको विरोधमा प्रदर्शन गरिएको सञ्जालका अध्यक्ष सगीर अलिले बताए ।

प्रदर्शनकारीहरूले नेपाली भूमि अतिक्रमण भएकोमा चीनको विरोध गर्दै अतिक्रमित नेपाली भूमि खाली गर्न चीनलाई आग्रह गरे । उनीहरूले अतिक्रमित भूमि फिर्ता नगरे चीनविरुद्ध निरन्तर प्रदर्शन गर्ने चेतावनी दिएका थिए । कार्यक्रमको सहजीकरण विजयकुमार झाले गरेका थिए ।

## बेलवाका दलितहरूलाई राहत वितरण

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिका–३१ बेलवास्थित दलित बस्तीमा छाया नेपाल काठमाडौंको आर्थिक सहयोगमा पिस फर




वीरगंज–३१ बेलवामा दलितहरूलाई राहत वितरण गर्दै । तस्वीरः प्रतीक

दलित फाउन्डेशन नेपाल पर्साले राहत वितरण गरेको छ ।

लकडाउन, निषेधाज्ञाको कारण बेरोजगार भएका दलितहरूलाई खान समस्या भएको भनी समाचार प्रकाशमा आएपछि पचास घरधुरीलाई राहत वितरण गरिएको हो । लकडाउन, निषेधाज्ञाको कारण बेरोजगार भएका सतन माझी मुसहरले आत्महत्या गर्नुपरेको थियो भने त्यहाँ रहेका दलितहरूलाई पनि दैनिक जीवनयापन गर्न समस्या भइरहेको छ ।

राहत पाएपछि सीतादेवी चमार, अशोक पासवानलगायतले खुशी व्यक्त गरे। उनीहरूले लकडाउन र निषेधाज्ञामा दलित बस्तीका थुप्रै मुसहर परिवारलाई बिहान–बेलुका खानको लागि समस्या भइरहेको बताए ।

कार्यक्रममा वडाध्यक्ष चुमनदास चौधरी, सामाजिक कार्यकर्ता प्रकाश थारू, छाया नेपालका प्रतिनिधि हीरालाल चौधरी, पिस फर नेपाल पर्साका अध्यक्ष मनोज राम, स्थानीय दलित अगुवा अजय पासवान, जितेन्द्र हजरा, लक्ष्मी हजरा, ध्यानी रामलगायतको सहभागिता थियो ।

गलत मान्छे सबैको जिन्दगीमा आउँछन् तर यिनीहरूले सधैं सही सबक दिएर जान्छन् ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सोचको फरक

**कुनै एक संस्थामाथि दुईवटा पालिकाले दाबी गर्दछन् भने त्यस संस्थालाई भाग्यमानी ठान्नुपर्छ । दुई/दुई वटा पालिका संरक्षक रहनु भनेको त्यस विद्यालयको सौभाग्य भन्न सकिन्छ। तर यो नेपाल हो, दुईजना संरक्षक भएकाले विद्यालय अन्योलको अवस्थामा पुगेको छ । २००७ सालमा, आजभन्दा सत्तरी वर्ष पहिले स्थापना भएको मध्य रौतहटको सरस्वती माध्यमिक विद्यालयलाई गरुडा नगरपालिकाले आफ्नो सीमाभित्र रहेको र विभिन्न प्रमाणहरू साक्षी राखेर गढीमाई नगरपालिकाले यो विद्यालय आफ्नो मातहतमा रहेको जनाउँदै आएका छन् । एउटा सुखद संयोगमा रहेको विद्यालय विवादको विषय बन्नु उदेकपूर्ण हो । सीमा क्षेत्रको हिसाबले गरुडा नगरपालिका र विद्यालय स्थापनामा हाल गढीमाई नगरपालिकाका व्यक्तिले सात बिघा जग्गा दान दिनुले स्वामित्व गढीमाई नगरपालिकाको रहने विवादले झिनो भएपनि समस्या निम्त्याएको छ। यद्यपि यस विवादले विद्यालयलाई कुनै असर पारेको छैन। सबै काम निरन्तर र परम्परा अनुसार सञ्चालन भइरहेको छ। हो, एउटा टीठ छ दुवै पालिकाका मानिसमा, यो हाम्रो हुन पाए हुन्थ्यो ।**

**स्वामित्वको सवालमा हामी अति संवेदनशील हुन्छौं । एक इन्च जमीनको विवादमा मुद्दा मामिलामा होमिएर सम्पूर्ण जीवन र श्रीसम्पत्ति स्वाहा गर्दा हामीमा आत्मसन्तुष्टिको भाव उत्पन्न हुन्छ । तर हामी यो सोच्दैनौं, यस्तो सोच पूर्णतः नकारात्मक हो। यसले कालान्तरमा उन्नति र प्रगतिको मार्ग अवरुद्ध पार्छ। यस्तो अवस्था सरस्वती माविले अहिलेसम्म भोगेको छैन, सदाशयतापूर्वक गरुडा नगरपालिकाले यसको रेखदेख र सञ्चालन, व्यवस्थापन गर्दै आएको छ। गरुडाको दाबी छ आफ्नो नगरपालिकामा प्रविधि–विद्यालय नभएकोले सरस्वती माविले त्यसको पूर्ति गरिरहेको छ। उता गढीमाई नगरपालिकाको सोच छ, आफूकहाँ एउटा पनि आदर्श विद्यालय नभएकोले यस विद्यालयले सोको क्षतिपूर्ति गर्ने थियो । वास्तविकता के हो भने दुवै नगरपालिकाका विद्यार्थीहरू यस विद्यालयमा पढ्छन् । दुवै नगरपालिकाका नागरिक यस विद्यालयबाट समान लाभान्वित भइरहेका छन् । यसर्थ यदि दुवै नगरपालिकाले विद्यालयलाई संयुक्त दायित्वको विद्यालय बनाउन सके विवादले एउटा आदर्श उदाहरण प्रस्तुत गर्न सक्ने थियो र यो विद्यालय गतिलो प्रविधि–विद्यालय तथा प्रशंसायोग्य आदर्श विद्यालय बन्न सक्ने थियो । र देशमैं यसरी दुई पालिकाले संयुक्तरूपमा विद्यालय चलाएर स्थानीय वासिन्दाको उच्चतम शैक्षिक माग पूरा गरेको आदर्श स्थापित हुने थियो ।**

**यो अवसर हो, गढीमाई नगरपालिका र गरुडा नगरपालिकाका लागि। यस अवसरले एउटा अप्रतिम आदर्श त स्थापना हुने नै छ, हाम्रो सोच पनि सकारात्मक छ; विषमतामा सहयोग खोज्न सक्छौं, विपरीत परिस्थितिलाई अनुकूलतामा ढाल्न सक्छौं भन्ने तथ्य स्थापित हुनेछ । आज शिक्षा क्षेत्र पालिकाहरूको मातहतमा आएको छ। पालिकाहरूले यथायोग्य यस क्षेत्रका लागि गच्छे अनुसार गरि पनि रहेका छन् । यस्तोमा दुवै पालिकाले यस विद्यालयलाई साझा बनाएर यसलाई आदर्श विद्यालयका साथै प्रविधि–विद्यालयको रूपमा समेत विकसित गर्न सक्ने हो भने दुवै पालिकाले प्रत्यक्ष–परोक्ष लाभ त पाउने नै छन्, दुवै पालिकाका विद्यार्थीले आफ्नै गाउँठाउँमा बसेर विद्याध्ययनजस्तो यज्ञ गर्न पाउने छन् र भोलिको समृद्धिको आधार पनि खडा हुनेछ ।**

# शिक्षक–कर्मचारी र संस्थागत विद्यालय

कोभिड महामारीको यस कालमा एकातिर सबै थोक रोकिएको अनुभव भइरहेको छ भने अर्कोतिर एउटा अप्रत्यक्ष भयसँग दिनहुँ सामना गर्नुपरिरहेको छ। हुनत कोभिड महामारी रोक्ने कुनै पनि सामाजिक र आर्थिक पर्खाल प्रभावी देखिएन तर यसको अन्तिम प्रभाव तिनैमाथि पर्ने बढी सम्भावना छ जो सामाजिक र आर्थिक रूपले पिछडिएका छन्। विद्यालय शिक्षा जो असमानतासँग जुधिरहेको थियो र जहाँ संस्थागत र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरूबीच वर्ग बनेको थियो त्यहीं यस महामारीले ती वर्गबीचको दूरी बढाउने काम गरेको छ । विडम्बना त के छ भने देशका धेरैजसो पालिकाहरूले विभिन्न प्रकारको वैकल्पिक व्यवस्था गरी विद्यालय सञ्चालन गर्न सूचना जारी गरिसकेका छन् तर वीरगंजमा शिक्षा छलफलमा मात्र सीमित छ ।

एकातिर सामुदायिक विद्यालयलाई सरकारले धेरै सुविधाको घोषणा गरेको छ, त्यहीं संस्थागत विद्यालयमा पढाउने धेरैजसो शिक्षक घरमा बसेका छन् । उनीहरूको लागि विद्यालय वा सरकारले कुनै पनि प्रकारको सब्सिडी वा सहयोग प्रदान गरेको छैन । सहयोगको त कुरै छाडौं, गरेको काम वा श्रमको तलब पनि भुक्तान गरिएको छैन। आज उनीहरू पनि आन्दोलित हुन बाध्य छन् किनभने धेरैजसो शिक्षकको रिचार्ज एउटै फोनमा छ र उनीहरू यसलाई घ्यूजस्तै उपयोग गरिरहेका छन्, तर भान्साकोठामा एक थोपा घ्यू उब्रेको छैन। पकवानको साटो भोक टार्न सङ्घर्ष गर्नुपरिरहेको छ । दूध दुई पाकेटको साटो एक पाकेटमा सीमित हुन पुगेको छ र त्यो पनि बन्द हुने अवस्था छ किनभने कहिलेसम्म कसैले उधारो दिन्छ । किरानाको पसल हरेक दुई–तीन दिनमा परिवर्तन भइरहेको छ। पसलेलाई प्राणप्रिय भाइजस्तो व्यवहार गर्नुपरिरहेको छ ।

यत्तिमात्र कहाँ हो र ! पसलेको छोरा–छोरीलाई शिक्षकले निशुल्क पढाइरहेका छन्। अब त उनीहरूले घर बेटीले भाडा नमागून् भनी भगवानसँग प्रार्थना गर्न थालेका छन् । उनीहरूका साना छोराछोरीले बिस्कुट र चकलेट खाने जिद्दी गर्न छाडेका छन् । कहिले काहीं यस परिस्थितिलाई सम्झेर रुन मन लाग्छ। कसैकी पत्नी गर्भवती छिन् भने कुनै महिला शिक्षिका स्वयं यस अवस्थाबाट गुज्रिरहेकी छिन् । आउने सन्ततिलाई कस्तो जीवन दिने भन्ने चिन्तामा राति निद्रा लाग्दैन । कसैको घरमा बुजुर्ग बीमार छन् भने कोही शिक्षक स्वयं डायबिटिज वा ब्लड प्रेसरका रोगी छन् । संस्थागत विद्यालयको नाममात्रको तलबमा जेनतेन एउटा शिक्षकले आफ्नो परिवार पालेको थियो तर आज अभिभावकहरूले फी तिर्दैनन् भने तलब कहाँबाट दिने ? हाम्रो स्थिति पनि तपाईंजस्तै छ, भन्ने विद्यालय सञ्चालकको जवाफ, अपवादबाहेक सर्वत्र सुनिन्छ ।

हरेक मानिसले एउटा सपना बोकेको हुन्छ। ऊ आफ्नो सपनाको भवन निर्माण गर्न दिनरात परिश्रम गर्छ तर कालान्तरमा आफूलाई अरूको भवन बनाउने औजारको रूपमा पाउँछ। ऊसँग मजबूत हौसला पनि हुन्छ तर त्यो कुनै काम लाग्दैन । ठीक यस्तै हालत कुनै

**शिक्षा नेपाल**



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

**शिक्षकहरू आफ्नो कामप्रति इमानदारिता देखाउनुका साथै अरूलाई पनि इमानदार बन्ने प्रेरणा दिन्छन् । अहोरात्र खट्छन् र विद्यालयलाई उन्नतिको शिखरमा पुऱ्याउँछन् । यसबाट विद्यालय सञ्चालकहरूलाई त प्रशस्त लाभ हुन्छ तर शिक्षकहरूको हात रित्तो नै रहन्छ ।**

संस्थागत विद्यालयमा काम गर्ने शिक्षक वा कर्मचारीहरूको हुन्छ तर पनि उनीहरू आफूलाई खुशी राख्छन्। यसमा वास्तविक खुशीको कुनै योगदान हुँदैन, आफू असफल भएको भन्न नरुचाएको अभिव्यक्ति मात्र हो यस्तो खुशी ।

कुनै जङ्गलमा एउटा सिंह बस्दथ्यो। सिंहले आफ्नो सेवाको लागि एउटा बाघ र स्याललाई राखेको थियो । ती दुवै सिंहको मन्त्री र सल्लाहकार पनि थिए। ती सिंहलाई शिकार गर्न मदत गर्दथे । सिंह बस्ने गुफा (विद्यालय) त्यस जङ्गल (समाज) को पवित्र स्थल थियो जहाँ जे गरे पनि हुने मान्यता थियो। कहिलेकाहीं सिंहले संवेदनशीलता पनि प्रकट गर्दथे जसको प्रशंसा गरेर बाघ र स्यालले सिंहलाई खुशी पार्ने काम गर्दथे ।

एकपटक सिंहको लागि खानाको खोजमा मन्त्री र सल्लाहकार भौंतारिइरहेका थिए । त्यसै बेला उनीहरूको भेंट एउटा उँटसँग भयो । उँट चिन्तित देखा परिरहेको थियो। बाघले उँटलाई आफ्नो राजाको संवेदनशीलताको कथा सुनाएर चिन्ताको कारण सोध्यो। "म कामको खोजीमा घुमिरहेको छु" उँटले जवाफ फर्कायो । स्यालले इशारा गऱ्यो र बाघले उँटलाई आफ्नो राजा सिंहसँग भेट गर्ने प्रस्ताव अघि साऱ्यो । बाघले भन्यो–"हाम्रा राजा दयालु हुनुहुन्छ । तिमीलाई अवश्य आश्रय दिनुहुन्छ । तिमीलाई आफ्नै परिवारजस्तो माया गर्नुहुन्छ ।" ठीक यस्तै संस्थागत विद्यालयका सल्लाहकारहरूले पहिलो भेटमा शिक्षकलाई सम्मान र विद्यालयबारे बखान गर्छन् र उनीहरू खुशी भई काम गर्न थाल्छन् ।

उँट यस आग्रहलाई ईश्वरको कृपा ठानी सिंहको दरबारमा पुग्छ । उँटको कथा सुनेर सिंहको संवेदनशीलता जाग्छ र भन्छ–"यहाँ तिमीलाई कुनै भय छैन। यदि तिमी यहाँ बस्न चाहन्छौ भने जीवनभरि आरामसँग बस्न सक्छौ ।" हामीमध्ये धेरैले यही गर्छन् जुन त्यस बेला उँटले गऱ्यो । काम नभएको बेला बाघको वचन अमृतवर्षा लाग्नु स्वभाविक पनि हो । हामीभित्र विश्वासको कमी हुन्छ यस कारण थोरै विश्वास प्राप्त हुनासाथ हामी त्यसप्रति कृतज्ञ हुन्छौं ।

उँट पनि खुशी–खुशी त्यहाँ काम गर्न थाल्छ । एकपटक त्यहाँ दैवी प्रकोपले गर्दा शिकारको अभाव हुन्छ । शिकार नपाएर सबैको भोक पनि बढ्न थाल्छ। स्यालले सङ्केतको माध्यमले उँटलाई उत्तम शिकारको रूपमा सिंह समक्ष बाघलाई प्रस्ताव गर्न लगाउँछ तर वचनको पक्का सिंह उँट मार्न चाहँदैन तर भोकले मन्त्री र सल्लाहकारको मात्र हैन सिंहको पनि स्थिति दयनीय थियो । अन्त्यमा पुनः बाघसँग सल्लाह गरी स्यालले एउटा उपाय निकाल्छ ।

सबैभन्दा पहिले बाघले सिंहलाई भन्छ–"महाराज, तपाईं भोको रहेको मसँग सहन भइरहेको छैन। कृपया, मलाई तपाईंको आहार बन्ने मौका दिनुहोस् ।" राजा सिंहले त्यस प्रस्तावलाई अस्वीकार गर्छ । त्यसपछि स्यालले सोही प्रस्ताव सिंह अगाडि राख्छ। सिंहले भन्छ–"एक पटकको भोकको लागि यति पुरानो स्वामीभक्तहरूलाई खानु नीतिविरुद्ध हो।"

बाघ र स्याललाई सिंहको भोकले बेचैन पारेको तर पनि सिंहले उनीहरूलाई मारेर भोक मेट्ने उपक्रम नगरेकोले सोझो उँटले आफूलाई आहारको रूपमा प्रस्तुत गर्दै–"यो त मेरो कर्तव्य हो" भन्छ। सिंहले केही जवाफ फर्काउँदैन तर यो सुन्नासाथ बाघले उँटको घाँटीमाथि प्रहार गर्छ र पछि स्यालले पनि उसको सहयोग गर्छ र सबैले उँटलाई आफ्नो आहार बनाउँछन् । यसबाट के प्रस्ट हुन्छ भने यो सहयोग बाघ र स्यालले सिंहप्रति कर्तव्य ठानेर गर्छन् । यस परिवेशमा सिंहलाई मौन बसेको हेरेर उनी दुवैलाई आफूमाथि गर्व पनि हुन्छ र विद्यालयका लागि एउटा नीति पनि निर्माण हुन्छ ।

यस कथाले संस्थागत विद्यालयको पाठ्यक्रम कस्तो छ भन्ने पनि झल्काउँछ। यहाँनिर ध्यान दिनुपर्ने कुरो के हो भने यस कथाका नीति निर्धारकहरू मांसाहारी थिए र शिक्षक उँट शाकाहारी थियो । स्याल र बाघले मिलेर उँटमा मित्रत्व जागरण गरे । अर्थात् दुःख र तृप्तिको नीति विद्यालयको हितलाई ध्यानमा राखेर तयार गरिन्छ । त्यसका लागि भावनात्मक आचरण तयार गर्ने काम अधिकारीहरूले गर्छन्। यस कथामा के पनि देखा पर्छ भने उँट सोझै सिंहको संरक्षणमा छ तर सिंहले बाघ र स्यालको माध्यमले यसलाई ग्रहण गरी पाप गर्नबाट जोगिएको देखाउँछ ।

संस्थागत विद्यालयमा प्रायः सञ्चालक त्यस बेला मौन रहन्छन् जुनबेला उनीहरूको व्यापक हितमा कुनै प्रिय शिक्षकको बलि दिनुपर्ने हुन्छ। उनी पनि यस बलिमा सहभागी हुन्छन् तर विद्यालयको हितमा काम गरिरहेको देखा पर्छन्। उनीहरू स्वयंलाई वचनबद्धताको उदाहरण बनाएर राख्छन् तर उनका खास कर्मचारीहरूले काम गरिरहेका हुन्छन् । यस्तै प्रत्येक विद्यालयमा एक दुईजना यस्ता शिक्षक हुन्छन् जो संस्थापकको इशारामा काम गरिरहेका हुन्छन् तर शिक्षकको शोषण गर्ने काम संस्थापकको इशारामा नै हुने गर्दछ ।

यस कथालाई सम्झिने शिक्षकहरूको यस परिस्थितिमा के भूमिका हुनुपर्छ भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ । प्रवृत्ति विरुद्ध मैत्री वातावरणमा यदि आश्रय र सुरक्षाको ग्यारेन्टी हुन्छ भने पनि त्यसलाई स्वीकार गर्नुपूर्व कैयौंपटक सोच्नुपर्छ । विद्यालयका संस्थापक सिंह कहिल्यै परिवर्तन हुँदैन र विश्वस्त सहायक बाघ र स्याल त त्यस चक्रको अभिन्न अङ्ग नै हुन्छन् । यस कारण यिनीहरूको भावनायुक्त शब्दजालमा परी बलिदान दिन अगाडि सर्नुहुँदैन ।

यहाँनिर ध्यान दिनुपर्ने अर्को कुरो के हो भने यदि विद्यालयको नीति नै मुनाफा केन्द्रित छ भने सिंह कहिले पनि उँटको रक्षा गर्न अघि सर्दैन। यस कार्यमा स्यालजस्ता सहयोगीले भावुकताको महौल तयार गर्छन्, बाघले उँटजस्ता सहयोगी शिक्षकलाई कसरी उपयोग गर्ने भन्ने योजना बनाउँछन्। उँटजस्ता शिक्षकहरूले के ध्यान दिनुपर्छ भने विद्यालयमा काम गर्दा आफ्नो भावनामाथि कडा नियन्त्रण राख्नुपर्छ र बाघ र स्यालजस्ता शिक्षकहरूको वाणीको अनुसरण उँट जस्ता शिक्षकहरूले गर्नुहुँदैन किनभने उनीहरूको नियुक्ति त्यसैका लागि गरिएको हुन्छ । यसका साथै सिंहसँग कुनै पनि प्रकारको अपेक्षा राख्नुहुँदैन ।

के तपाईं पनि उँट प्रवृत्तिको शिक्षक हुनुहुन्छ ? संस्थागत विद्यालयका यस्ता शिक्षकहरू आज्ञाकारी, परिश्रमी तथा लामो समयसम्म पानी नखाएर अनन्त मरुभूमिमा जीवन यात्राका लागि सर्वाधिक उपयुक्त हुन्छन् । संस्थागत विद्यालयहरूले यस्तै शिक्षकहरूलाई प्रारम्भिक कालमा खोजेर जम्मा गर्छन्। प्रधानाध्यापकदेखि पहरेदारसम्म यस्ता कर्मचारीहरू 'अद्‌भूत' कहलिन्छन् । सङ्घर्षको बेला यस्ता शिक्षकहरू निवेश र परिणामका लागि अद्‌भूत बदलावका कारक हुन सक्छन् किनभने यस्ता शिक्षकहरू लगनपूर्वक काम गर्छन् ।

बीचबीचमा यिनीहरूमाझ वा बाटोमा सञ्चालक भेट्दा बडो मीठो कुरा गर्छन् र पिठ्यूँमा धाप दिन्छन्, यस्ता शिक्षक आफूलाई बडो कृतज्ञ ठान्छन् । उनीहरूलाई के लाग्छ भने विद्यालयको भविष्य हाम्रै हातमा छ तर यो विद्यालयको नीति हुन्छ। यस नीतिबारे कसैलाई थाहा हुँदैन । यसैको फाइदा सञ्चालकहरू उठाउँछन् ।

सञ्चालकहरूको यस्तो व्यवहारले शिक्षक–कर्मचारीलाई संस्थाप्रति जवाफदेह र जिम्मेवार बनाउने काम गर्छ तर यसमा सञ्चालकहरूकै स्वार्थ लुकेको हुन्छ । यसरी शिक्षकहरूले आफ्नो कामप्रति इमानदारिता देखाउनुका साथै अरूलाई पनि कामप्रति इमानदार बन्ने प्रेरणा दिन्छन् । अहोरात्र खटेर विद्यालयलाई उन्नतिको शिखरमा पुऱ्याउँछन्। यसबाट विद्यालय सञ्चालकहरूलाई त प्रशस्त लाभ हुन्छ तर शिक्षकहरूको हात रित्तो नै रहन्छ। यही नै संस्थागत विद्यालय र शिक्षक–कर्मचारीबीचको यथार्थ हो ।

# नेशनल मेडिकलमा सङ्क्रमित बढ्यो, ९ जना डिस्चार्ज

प्रस, वीरगंज, ११ असोज/

वीरगंजको नारायणी अस्पताल, वीरगंज हेल्थकेयर र गण्डक अस्पतालमा कोरोना सङ्क्रमित निको भएर डिस्चार्ज भएपछि अस्थायी कोभिड अस्पताल बन्द गरिएको छ तर नेशनल मेडिकल कलेजको नगवास्थित बाबा होटलमा रहेको कोभिड अस्पतालमा सङ्क्रमितहरू बढ्न थालेका छन् ।

भदौ २६ गतेदेखि १७० शय्या क्षमताको कोभिड अस्पताल सञ्चालनमा आएपछि आइतवार दिउँसोसम्म ३३ जना पुरुष उपचाररत छन् । जसमध्ये १६ जना आइसियूमा रहेको बताइन्छ।

अस्थायी कोभिड अस्पतालका फोकल पर्सन डा अशरफ हुसैनले २५ वटा आइसियू शय्यासहित अस्पतालले उपचार सेवा जारी राखेको बताए । उनले आइतवार एकै दिन दुईजना महिलासहित ९ जना सङ्क्रमित निको भएर घर फर्किएको बताए ।

चिकित्सकका अनुसार आइतवार पर्साका एकजना ४९ वर्षीय गम्भीर सङ्क्रमित व्यक्ति र हृदयघात खेपेकी





तस्वीरः प्रतीक

बाराकी ४५ वर्षीया सङ्क्रमित निको भएर घर फर्केका छन्। त्यस्तै, पर्साका चारजना पुरुष, एकजना महिला, बाराकी

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पले ब्यारेटलाई सर्वोच्चको न्यायाधीश मनोनयन गरे

वाशिंगटन, ११ असोज/एपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विपक्षीहरूको अनुरोध लत्याउँदै न्यायाधीश एमी कोने ब्यारेटलाई सर्वोच्च अदालतको न्यायाधीशका लागि मनोनयन गरेका छन् । ब्यारेटको मनोनयनले आगामी राष्ट्रपतीय चुनावमा पुनः निर्वाचित हुन मदत पुग्ने ट्रम्पको अपेक्षा छ ।



अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्प (बायाँ), यसै शनिवार अमेरिकी सर्वोच्च अदालतका लागि जज मनोनीत भएकी एमी कोने ब्यारेट (दायाँ)का साथ । फोटो : एएफपी

स्वर्गीय न्यायाधीश एन्टोनीन स्कालियाकी पूर्व सहयोगीका रूपमा समेत कार्य गरेकी ब्यारेटले आफू सर्वोच्च अदालतको न्यायाधीशका रूपमा मनोनयनमा परेकामा अति खुशी भएको बताउँदै स्कालियाको न्यायिक दर्शनबाट प्रभावितसमेत रहेको बताएकी छन् ।

४८ वर्षीया ब्यारेट ह्वाइट हाउसको रोज गार्डेनमा आफ्ना पति र सात बालबच्चासहित उपस्थित थिइन् । अमेरिकी माथिल्लो सदन सिनेटले उक्त नियुक्ति सदर गरेमा हालै निधन भएकी सुधारवादी न्यायाधीश रूथ बाडर गिन्सबर्गको स्थानमा नियुक्त हुनेछिन् ।

रिपब्लिकन राष्ट्रपतिहरूले नियुक्त गरेकी उनी छैटौं न्यायाधीश हुनेछिन् भने राष्ट्रपति ट्रम्प एक्लैको तेस्रो नियुक्ति हुनेछ । अमेरिकी सर्वोच्च अदालतमा नौ जना न्यायाधीश हुने व्यवस्था छ ।

राष्ट्रपति ट्रम्पले ब्यारेट उच्चतम बौद्धिक र आचरण रहेको भन्दै प्रशंसा गरेका थिए । न्यायाधीशका लागि चयन गर्न अघि ब्यारेटको व्यक्तिगत रेकर्ड राम्रोसँग हेरेको उनले बताए ।

रिपब्लिकन पार्टीका सिनेटरहरू आगामी नोभेम्बर ३ अघि नै सुनुवाइ प्रक्रिया पूरा गर्न आतुर रहेको बताइरहेका छन् । ब्यारेटको मनोनयन पूरा हुन सके सर्वोच्च अदालतको बहुमत दक्षिणपन्थी धारमा जाने भन्दै चौतर्फी विरोध र आशङ्का व्यक्त गरिएको छ ।

राष्ट्रपति ट्रम्पले भने ब्यारेटको मनोनयनलाई सिनेटले अनुमोदन गरे राष्ट्रपति निर्वाचित हुन ठूलो मदत पुग्ने विश्वास लिएका छन् ।

सन् २०१६ मा रिपब्लिकन पार्टीको बहुमत रहेको सिनेटले तत्कालीन राष्ट्रपति बराक ओबामाले प्रस्ताव गरेका न्यायाधीश मरिक गार्लान्डलाई चुनावी वर्ष भन्दै अनुमोदन गर्न अस्वीकार गरेको थियो । तर यसपटक रिपब्लिकनको त्यही अडान फेरिएको छ । अर्थात् ४२ दिनभन्दा छोटो अवधिमा न्यायाधीश नियुक्तिलाई सदर गर्न सिनेटमा तयारी हुँदैछ ।

सिनेटमा बहुमत पार्टीका नेता मिच म्याककोनेलले सिनेटले आगामी साता ब्यारेटको नियुक्तिलाई सदर गर्ने दृढता व्यक्त गरेका छन् ।

डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार जो बाइडेनले ट्रम्प र रिपब्लिकन पार्टीले बेइमानी गरेको आरोप लगाएका छन् । रासस

## कारबाईमा १२ तालिबानी मारिए, केही घाइते

अफगानिस्तान ११ असोज/सिन्हवा

अफगानिस्तानको पूर्वी क्षेत्रका दुईवटा प्रान्तमा शनिवार अफगानी सेनाले कारबाई गदाए कम्तीमा १२ जना तालिबानी लडाकूको ज्यान गएको बताइएको छ ।

उनीहरू शनिवार अपराह्न सरकारी सैन्य कारबाईमा मारिएका अफगानिस्तानको रक्षा मन्त्रालयले आइतवार जानकारी दिएको छ ।

अफगानिस्ताको पूर्वी प्रान्त लागोरमा अफगान सेनाको एयर फोर्सले गरेको हवाई कारबाईमा परी छजना तालिबानी लडाकू मारिएका छन् । उनीहरू सो क्षेत्रमा स्थापना गरी सञ्चालनमा ल्याएको अखडामाथि अफगान सरकारी सेनाले हवाई आक्रमण गरेको थियो । सो कारबाईबाट उक्त क्याम्प ध्वस्त भएको बताइएको छ ।

त्यसैगरी सो प्रान्तको छिमेकी अर्को प्रान्त घाज्नीको आब जिल्लामा रहेको एक प्रहरी चौकीमा तालिबानका लडाकूहरूले शनिवार साँझ हमला गरेका थिए । त्यस क्रममा अरू पाँचजना तालीबानी लडाकू घाइते भएका छन् । यी दुवै कारबाईमा अफगान सुरक्षाकर्मीतर्फ भने कुनै क्षति नभएको बताइएको छ ।

यी कारबाईका विषयमा अफगानिस्तानमा सशस्त्र हिंसा गरिरहेका लडाकूहरूले भने कुनै प्रतिक्रिया दिएका छैनन् । यतिखेर अफगान सरकार र तालिबानी लडाकूबीच कतारको दोहामा वार्ता जारी छ । तर तालिबानीहरूले अफगानिस्तानमा हिंसा भने रोकेका छैनन् । रासस

## कोइलाखानीमा च्यापिएर १६ मजदूरको मृत्यु

बेइजिङ ११ असोज/एएफपी

चीनको एउटा कोइलाखानीमा कार्बन मोनोअक्साइड ग्याँसका कारण कम्तीमा पनि १६ जना मजदूरको ज्यान गएको छ । दक्षिणपश्चिमी चीनको एक खानीमा सो दुर्घटना भएको बताइएको छ । चिनियाँ सरकारी टिभी सिसिटिभीले सो कुराको जानकारी गराएको हो ।

सो खानीमा कार्बन मोनोअक्साइड ग्याँस विस्फोट हुँदा मजदूरहरू भाग्न नसकेर च्यापिएर ज्यान गएको बताइएको छ । आइतवार बिहान सो दुर्घटना भएको थियो । यस दुर्घटनामा परेर अरू पनि मजदूर खानीमा च्यापिएको अनुमान गरिएको छ ।

उद्धारकर्मीहरू स्वास्थ्यकर्मी तथा औषधिसहितको टोली लिएर त्यहाँ पुगेका थिए । उनीहरूले खानीबाट उद्धार गरिएका नागरिकलाई उपचार गरेर बचाउने प्रयास गरेका थिए ।

तर पनि १६ जनाको सो खानीभित्रै ज्यान गएको थियो । एकजनालाई उद्धार गरेर बाहिर निकालिएको थियो । दुर्घटनाग्रस्त सो खानीमा अरू पनि मजदूर परेको हुन सक्ने आशङ्का गर्दै उद्धार कार्य जारी राखिएको बताइएको छ ।

चीनमा खानी दुर्घटनामा परी बर्सेनि ठूलो सङ्ख्यामा नागरिकहरूको ज्यान जाने गरेको छ । रासस

## सडक दुर्घटनामा १३ जनाको मृत्यु

सिन्ध, ११ असोज/एएनआई

पाकिस्तानको सिन्ध प्रान्तमा भएको सवारी दुर्घटनामा कम्तीमा १३ जनाको ज्यान गएको छ ।

प्रहरी अधिकारीहरूका अनुसार कराँची–हैदराबाद राजमार्गमा शनिवार एउटा यात्रीवाहक भ्यान दुर्घटना भएको हो । भ्यानमा कम्तीमा २० जना सवार रहेको बताइएको छ ।

अर्को सवारी साधनलाई ठक्कर दिएपछि यात्रीवाहक भ्यान सडकभन्दा तल खोंचमा खसेको प्रहरीले जनाएको छ । भ्यानमा जडित सिएनजी सिलिन्डरमा आगो लागेको थियो । आगो लागेर सिलिन्डर विस्फोट हुँदा ठूलो क्षति भएको प्रहरीको भनाइ छ ।

प्रहरी उपरीक्षक नाजर मुहम्मद डिशाकका अनुसार आगोले धेरै व्यक्तिको शरीर नराम्रोसँग जलेको पाइएको छ । स्थानीय प्रहरीले भ्यानका चालकसहित सातजना बाँच्न सफल भएको जनाएको छ । रासस

## चिनियाँ विदेशमन्त्री जापान भ्रमणमा जाने

टोकियो, ११ असोज/एएनआई

चिनियाँ विदेशमन्त्री वाङ यीले अर्को महीना जापानको भ्रमण गर्ने भएका छन् । उनले जापानका नवनियुक्त प्रधानमन्त्री योशिहिडे सुगासँग भेटवार्ता गर्ने जापानी सञ्चार माध्यमहरूले जनकारी दिएका छन् ।

प्रधानमन्त्रीमा नियुक्त भएपछि सुगाको यो कुनै विदेशी मुलुकको उच्च प्रतिनिधिमण्डलसँग पहिलो औपचारिक भेटवार्ता हुनेछ ।

एनएचकेका अनुसार चिनियाँ विदेशमन्त्री वाङ यी र जापानी विदेशमन्त्री मोटेगी तोसिमिचुबीच पनि मैत्रीपूर्ण भेटवार्ता हुनेछ ।

जापानी प्रधानमन्त्री सुगा र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच शुक्रवार टेलिफोन वार्ता भएपछि यो भ्रमण तय भएको हो । दुवै नेताले उच्च नेतृत्वबीच निरन्तर संवादको महत्त्व र आवश्यकतामाथि प्रकाश पार्दै दुवै देशको हितका लागि मिलेर कार्य गर्न सहमति जनाएका थिए ।

यसैबीच जापानका प्रधानमन्त्री सुगाले अर्को महीना अमेरिकी विदेशमन्त्री माइक पोम्पेओसँग टोकियोमैं भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

गत साता जापानको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टीका नेता सुगालाई जापानी संसद्ले प्रधानमन्त्री चयन गरेको छ । स्वास्थ्य अवस्था नाजुक भएको भन्दै तत्कालीन प्रधानमन्त्री शिन्जो आबेले राजीनामा दिएपछि सुगा जापानका प्रधानमन्त्री चयन भएका हुन् । रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | प्रगति | कर्कट | रोगभय |
| सिंह | यात्रालाभ | कन्या | कडाश्रम |
| तुला | ज्ञानोदय | वृश्चिक | उदरपीडा |
| धनु | मित्रमिलन | मकर | धनलाभ |
| कुम्भ | भाग्योदय | मीन | खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# अनावश्यक विवाद

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**दीर्घकालीन मित्रताको निम्ति स्वार्थ होइन, त्याग र समर्पण महत्त्वपूर्ण हुने गर्दछ । नेपालजस्तो देशको भौगोलिक सिमानाको सम्मान गर्न हाम्रा छिमेकीको भूमिका सहयोगात्मक रहने अपेक्षा गर्न सकिन्छ । एक्काइसौं शताब्दीमा विस्तारवाद र साम्राज्यवादको निम्ति ठाउँ रहनुहुँदैन ।**

उत्तरी छिमेकी चीनसित नेपालको १४ सय किलोमिटर लामो सिमाना रहेको छ । भौगोलिक विकटता, अभावग्रस्त जनजीवन, न्यून आबादी, मिडियाकर्मीको पहुँच नभएको तथा निरन्तर त्यस भेगमा सरकारको पनि ध्यान आकृष्ट हुन नसकिरहेको कारण पनि उत्तरी भेगको सिमानाको अवस्थाबारे सत्य–तथ्य जानकारी भइरहेको हुँदैन । उत्तरी छिमेकी चीनलाई हामीले असाध्यै भरपर्दो, नेपाललाई विनास्वार्थ सहयोग गर्ने तथा हाम्रो अखण्डता एवं सार्वभौमिकताको सम्मान गर्दै आएको मित्रराष्ट्रको रूपमा विश्लेषण गर्दै आएका थियौं । पञ्चायती शासनको ३० वर्षमा उत्तरी छिमेकी चीनबारे कायम हाम्रो यस धारणालाई देशका वामपन्थी बुद्धिजीवी, विचारक र कार्यकर्ताहरूले पनि आत्मसात् गर्दै आएका छन् । केही समय अघि मात्रै हाम्रो देशको संसद्ले लिपुलेक, लिम्पियाधुरा र कालापानीको भूभागलाई समेटी नेपालको नयाँ नक्शा जारी गरेपश्चात् देशको चारैतिरको सिमानाको अवस्थाबारे सुसूचित हुन नेपाली जनता जागृत भएको छ । नेपाली समाचार माध्यम तथा विदेशी (चिनियाँसमेत) समाचार माध्यमहरूसमेतबाट जानकारी भए अनुसार नेपालको उत्तरी सिमाना क्षेत्रमा पनि सिमाना अतिक्रमणका घटना बढ्दै गएको तथा हाम्रो राष्ट्रगौरव सगरमाथालाई पनि विवादित बनाउने प्रयास भइरहेको चर्चा व्यापक छ । नेपालको चारैतिरको सिमाना सुरक्षित राख्नुपर्दछ । नेपाल एउटा सानो, सुन्दर, शान्त एवं मित्रता मन पराउने राष्ट्रको रूपमा प्रसिद्ध रहेको छ । तसर्थ हाम्रो सिमानाको सम्मान हुने अपेक्षा गरिन्छ । नेपाल सबैखाले विस्तारवाद र उपनिवेशवादको विरोधी रहिआएको छ । उत्तरी सिमाना क्षेत्रमा देखिएको सिमाना विवादको समाधान पनि सहज र सरल रूपमा हुने अपेक्षा गरिन्छ ।

हालै चर्चामा आए अनुसार मध्य पश्चिमी हिमाली जिल्ला हुम्लामा लिमी–लाप्चा सडकखण्डको निर्माणका निम्ति चिनियाँ निर्माण कम्पनी एघार वर्ष अघि नेपाल आएका थिए । त्यति बेला अस्थायी रूपमा तीनवटा घर बनाइएको थियो तर सडक निर्माण कार्य सकिएलगत्तै चिनियाँ निर्माण कम्पनीको निम्ति अस्थायीरूपमा बनाइएका ती भवन स्वतः भत्काइनुपर्ने थियो तर चिनियाँहरूले त्यस क्षेत्रमा थप नयाँ केही घर बनाए । नेपाल–चीन सिमानाभन्दा दुई किलोमिटर यता नेपाली भूभागमा चिनियाँहरूले एक दर्जनजति घर बनाउनु, त्यो पनि नेपाल सरकार र नेपाली प्रशासनलाई जानकारी नदिइकन, प्रस्टरूपमा विस्तारवादी मानसिकताको प्रतीक हो ।

समाचार अनुसार नेपाल–चीन सिमानाभन्दा दुई किलोमिटर यता नेपाली भूभागमा पनि चिनियाँ सुरक्षाकर्मीहरूले नेपाली नागरिकलाई घुमफिर गर्न दिइरहेका छैनन् । नेपाल–चीन सिमानामा अवस्थित ११ नम्बरको सीमास्तम्भ पनि हराइरहेको अवस्था छ । हुम्ला जिल्लाको नाम्खा गाउँपालिका–६ लिमीगाउँको लाप्चामा चिनियाँहरूले नयाँ घर बनाएको दाबी त्यहाँका स्थानीय गाउँपालिकाका अध्यक्षको नै रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले पनि २०७२ सालदेखि २०७६ सालसम्म सीमा क्षेत्रको स्थलगत प्रतिवेदन जारी गरी चीनद्वारा अतिक्रमित ९९ रोपनी नेपाली भूभाग फर्काउन कूटनीतिक पहल गर्न सरकारलाई निर्देशन दिइसकेको छ । भनिन्छ नेपाल, चीन सिमानाकामा तीन सीमा स्तम्भ हराएको (गोरखामा ३५, ३७ र ३८) तथा सोलुखुम्बुको नाम्चामा पनि ६२ नं. स्तम्भ हराएको अथवा सारिएको छ । देशका एक चर्चित राष्ट्रिय दैनिकमा प्रकाशित समाचार अनुसार गोर्खा, दार्चुला र सङ्खुवासभाको उत्तरी नाकामा १ हजार रोपनीभन्दा बढी जग्गा अतिक्रमणमा परेको छ । त्यसैगरी दोलखाको उत्तरी भेगको ९९ रोपनी तथा हुम्ला, सिन्धुपाल्चोक र रसुवाको ६४ हेक्टर जग्गा पनि वर्षौंदेखि उत्तरी छिमेकीको अतिक्रमणमा परेको छ ।

केही महीना अघि गोर्खाको रुई गाउँ पनि निकै चर्चामा आएको थियो । प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका एकजना वरिष्ठ नेताले रुई गाउँ चीनमा कसरी पऱ्यो भन्ने सरकारसित प्रश्न नै सोधेका थिए । गोर्खाको रुई गाउँ अहिले चीनमा परिसकेको अवस्था छ । २०१९ सालतिर रुइका जनताले नेपालमा नै कर तिरेका थिए । नेपाल–चीन सीमाङ्कनका क्रममा नेपालतर्फ भूभाग परेका नागरिकलाई देश रोज्न एक वर्षको समय दिइएको थियो । नेपालका जमीन पनि चीनतर्फ थियो तर चीनतिरबाट कोही पनि नेपाल आउन चाहेन । नेपालका ६० प्रतिशत जनता चीनमा बस्न राजी भएका कारण रुई गाउँका जनतालाई नेपाली भूभागसहित चीनमा बस्ने अनुमति दिइएको भनिन्छ तर यो तर्क विश्वासिलो लाग्दैन । गोर्खाको रुई गाउँ अहिले तिब्बतको किङ वाङमा परिसकेको अवस्था छ । सीमाङ्कनका बेला भएका सहमति अनुसार नेपाली जग्गा चीनमा परेपछि चीन सरकारले शर्त अनुसार ती नेपाली जग्गाको बजार भाउको आधारमा मुआब्जा (पैसा) दिनुपर्ने थियो तर त्यो भरसक आजसम्म प्राप्त भएको छैन । रुई गाउँको उक्त भूभाग विगत ६० वर्षदेखि नेपालको नक्शामा तर चीनको अतिक्रमणमा छ । दार्चुला जिल्लाको जिउजिउ स्थानको १८ घर पनि चिनियाँ अतिक्रमणमा परेको मानव अधिकारको प्रतिवेदनमा उल्लेख छ ।

केही अघि चिनियाँ सरकारी सञ्चारमाध्यम 'सिजिटिएन'ले आफ्नो समाचारमा पहिले सगरमाथालाई चीनको तिब्बतस्थित रहेको दाबी गरेको थियो । पछि सामान्य संशोधन गरी तिब्बत–नेपाल सीमामा रहेको दाबी गऱ्यो । जबकि हाम्रो बुझाइमा सगरमाथामाथि एकलौटी नेपालको मात्रै दाबी छ । हाम्रो राष्ट्र गौरव सगरमाथाको उचाइबारे विश्वव्यापी मान्यता ८८४८ मिटरको ठाउँमा चीनले आफ्नो क्षेत्रमा रहेको टुप्पो ८८४४.४३ मिटर नै रहेको भनेर त्यसैलाई सगरमाथाको उचाइको रूपमा प्रसारित गरिरहेको छ ।

२०१७ वैशाखमा तत्कालीन प्रधानमन्त्री विपी कोइराला चीन गएका बेला सीमा रेखाङ्कन र विभाजनको विवरणसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । २०१८ असोज १९ मा तत्कालीन राजा महेन्द्र र चिनियाँ राष्ट्रपति लिउ साओचीबीच सिमाना सम्झौतामा हस्ताक्षर भएको थियो ।

त्यति बेलाका एक अधिकारी दमनराज तुलाधरले 'दमनराज तुलाधर' नामक पुस्तक प्रकाशित गरी नेपाल–चीन सीमा विषयसम्बन्धी कतिपय कुराको रहस्योद्घाटन गरेका छन् । सङ्ग्रह प्रकाशनद्वारा २०३९ सालमा प्रकाशन गरिएको उक्त किताबको वितरक साझा प्रकाशन रहेको छ । उनले आफ्नो पुस्तकमा २०१९ सालमा सीमास्तम्भ खडा गर्ने काम थालनी भएको बताएका छन् । मन्त्रालयका उपसचिव भएका कारण उनलाई सुदूरपश्चिममा १८ वटा पिलर खडा गर्ने जिम्मा दिइएको थियो तर न उनलाई यसको प्राविधिक ज्ञान थियो, न तालीम नै । केवल त्यस क्षेत्रमा काम गर्न जान कोही नमानेकाले जानुपरेको थियो । सीमाङ्कन गर्ने जनशक्ति पहिले न नेपालसित थियो, न तिब्बतसित नै । सीमास्तम्भ खडा गर्ने सिलसिलामा खोपरनाथ जाने बाटोमा मानसरोवर र राक्षसदह पर्दछ । त्यहाँ उनले पवित्र मानसरोवरमा स्नान गरेपछि चिनियाँहरूले उनलाई आफ्नो नियन्त्रणमा लिएको जानकारी गराए, पृष्ठ (२०६) । उनी अनुशासित र कर्तव्यनिष्ठ कर्मचारीका नाताले त्यहाँ गएका थिए तर चिनियाँहरूले उनलाई आफ्नो नियन्त्रणमा लिई आफूखुशी सीमास्तम्भ खडा गर्ने काम गरेका थिए । नेपाली कर्मचारीहरूलाई कैदी बनाएर चिनियाँहरूले सगरमाथा क्षेत्रको भूभाग पनि कब्जा गरेको हुन सक्ने उनको दाबी छ ।

चीनको विश्वका २७ देशसित सिमाना विवाद छ, जसमा कतिपय यस्ता देश पनि छन् जोसित चीनको सिमाना नै जोडिएको छैन ।

ठूलो देशको विचार पनि ठूलै हुनु पर्दछ । आखिर आफ्ना छिमेकी राष्ट्रहरू लाओस, भियतनाम, जापान, फिलिपिन्स, भूटान, भारत, म्यान्मा तथा सोभियत सङ्घबाट छुट्टिएर बनेका पूर्व रूसी देशहरूसित चीनको सिमाना विवाद किन चर्किंदै गएको छ, यसबारे उसले ध्यान दिनु आवश्यक छ । दीर्घकालीन मित्रताको निम्ति स्वार्थ होइन, त्याग र समर्पण महत्त्वपूर्ण हुने गर्दछ । नेपालजस्तो देशको भौगोलिक सिमानाको सम्मान गर्न हाम्रा छिमेकीको भूमिका सहयोगात्मक रहने अपेक्षा गर्न सकिन्छ । एक्काइसौं शताब्दीमा विस्तारवाद र साम्राज्यवादको निम्ति ठाउँ रहनुहुँदैन ।

## केही स्थानमा भारी वर्षाको सम्भावना

काठमाडौं, ११ असोज/रासस

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले आइतवार प्रदेश नं १ र २ का केही स्थानमा भारी वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।



भारतको बिहारमा बनेको न्यूनचापीय क्षेत्र उत्तर–पूर्व सर्ने क्रममा आज प्रदेश नं १ र २ का केही स्थानमा भारी वर्षा भएको मौसमविद् समीर श्रेष्ठले बताए । "आज बेलुकाबाट यी प्रणाली पूर्णरूपमा हटेर जानेछ," मौसमविद् श्रेष्ठले भने ।

यस वर्ष मनसुन अक्टोबरको पहिलो हप्ताबाट बाहिरिने मौसमविद्को अनुमान छ । यस अवधिमा कुनै नयाँ प्रणाली विकसित नभए झरी तथा भारी वर्षा हुने सम्भावना नरहेको बताइएको छ । हाल प्रदेश नं १ मा पूर्ण बदली रही बाँकी प्रदेशमा सामान्य बदली रहेको छ । राति प्रदेश नं १, बागमती र गण्डकी प्रदेशमा सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रही एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४

प्रतीक

# आन्तरिक राजस्व कार्यालय, वीरगंजले लक्ष्य भेटाएन

राधेश्याम पटेल, वीरगंज, ११ असोज/

वीरगंज आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साले चालू आवको भदौ सम्मको राजस्व लक्ष्य भेट्न सकेको छैन।

कोरोना महामारीको कारण अन्तःशुल्क र आयकर दाखिलामा कमी आएपछि कार्यालयले लक्ष्य अनुरूप राजस्व सङ्कलन गर्न नसकेको हो। कार्यालयका सूचना अधिकारी एवं कर अधिकृत हृदयनारायण महतोका अनुसार चालू आव २०७७–७८ को लागि कार्यालयले ८९ करोड १५ लाख ३६ हजार लक्ष्य पाएकोमा ७३.७२ प्रतिशत अर्थात् ६५ करोड ७२ लाख १९ हजार रुपियाँ मात्र सङ्कलन गर्न सकेको छ। यो लक्ष्यको २६.२८ अर्थात् २४ करोड कम हो।

कार्यालयले अन्तःशुल्कतर्फ ३७ करोड ४७ लाख ९० हजार लक्ष्य पाएकोमा ५०.२९ प्रतिशत अर्थात् १८ करोड ८४ लाख ८० हजार, भ्याटतर्फ २८ करोड ६९ लाख ४२ हजार लक्ष्य पाएकोमा ३० करोड ५९ लाख ५६ हजार (१०६.६३ प्रतिशत), आयकरतर्फ २२ करोड १२ लाख ९० हजार लक्ष्य पाएकोमा ६९.०९ प्रतिशत अर्थात् १५ करोड ६ लाख ६८ हजार, घरबहालतर्फ ४९ लाख १६ हजार लक्ष्य पाएकोमा १२६.३८ प्रतिशत अर्थात् ६२ लाख १३ हजार, ब्याजकरतर्फ ३५ लाख १६ हजार लक्ष्य पाएकोमा ५९ लाख २ हजार गरी कुल ६५ करोड ७२ लाख १९ हजार राजस्व सङ्कलन गरेको उनले जानकारी गराए।

पर्सामा पहिले सातवटा मदिरा उद्योग सञ्चालमा थिए, जसमध्ये ६ वटा बन्द भइसकेका छन्। एक मात्र हिमालयन डिस्टिलरी सञ्चालनमा छ। त्यसको पनि कोरोना महमारीका कारण ६ महीनादेखि उत्पादन ठप्प भएर राजस्व सङ्कलन प्रभावित भएको छ।

त्यसैगरी आयकरतर्फ पुस मसान्तसम्म समय रहे तापनि करदाता निष्क्रिय देखिएको कर अधिकृत नेत्र घिमिरेको भनाइ छ। आन्तरिक राजस्व कार्यालय, वीरगंजले भदौमा मात्र ४० करोड ९६ लाख १७ हजार राजस्व लक्ष्य पाएकोमा ७१.९५ प्रतिशत अर्थात् २९ करोड ४७ लाख ३७ हजार राजस्व सङ्कलन गरेको थियो भने गत साउनमा ४९ करोड १९ लाख १९ हजार लक्ष्य पाएकोमा ७५.२२ प्रतिशत अर्थात् ३६ करोड २४ लाख ८२ हजार राजस्व सङ्कलन गरेको थियो।

आयकर तिर्न सरकारले पुस मसान्तसम्म समय दिएको हुन्छ, जसमा व्यक्तिगत स्लेबमा ४ लाखसम्म आम्दानी गरेकोमा कर तिर्नु पर्दैन, सोभन्दा बाँकी १ लाखमा १० प्रतिशत, २ लाखमा २० प्रतिशत, ७ लाख माथिदेखि २० लाखसम्म ३० प्रतिशत र २० लाख माथिको रकममा ३६ प्रतिशत कर तिर्नुपर्ने नियम छ। त्यसैगरी निकाय(प्रालि/साझेदारी)ले २५ प्रतिशत आयकर तिर्नुपर्ने नियम छ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाले निक्षेपको ५ प्रतिशत ब्याज कर आन्तरिक राजस्व कार्यालयलाई बुझाउँछन्।

भ्याट र अन्तःशुल्कको विवरण र शुल्क हरेक महीनाको २५ गतेभित्र आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्छ। नबुझाएमा प्रतिमहीना १ हजार जरिवाना लाग्छ। भ्याट १३ प्रतिशत लाग्छ भने अन्तःशुल्क बहुदरमा फरक वस्तुमा फरकफरक लाग्ने गरेको छ।

# प्रदेशको नीति तथा योजनाको वार्षिक प्रतिवेदन हस्तान्तरण

जनकपुरधाम, ११ असोज/रासस

प्रदेश नं २ को नीति तथा योजना आयोगको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रदेश सरकारलाई आज हस्तान्तरण गरिएको छ। मुख्यमन्त्री लालबाबू राउत गद्दीलाई आयोगका उपाध्यक्ष डा भोगेन्द्र झाले सो प्रतिवेदन हस्तान्तरण गरेका हुन्।

प्रतिवेदनमा गत आवको उपलब्धि एवं नीति तथा कार्यक्रम उल्लेख गरिएको छ। प्रतिवेदनमा विषयगत मन्त्रालयको बजेट सीमा निर्धारण र मार्गदर्शन, मध्यकालीन खर्च संरचना, प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्यका मार्गचित्र, जनसाङ्ख्यिक स्थिति विवरण, प्रदेश पार्श्वचित्र, प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन एवं प्रदेश योजना तथा कार्यक्रम दिग्दर्शन राखिएको छ।



तस्वीरः सौजन्य

# भर्चुअल माध्यमबाट वक्तृत्वकला प्रतियोगिता

प्रस, पोखरिया, ११ असोज/



आसमान नेपालको आयोजना र डिएफआइडी र भिएसओ नेपालको सहयोगमा आइतवार भर्चुअल वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ।

सामाजिक दिवसको अवसरमा आत्महत्या रोक्न बालबालिकाको भूमिका विषयक वक्तृत्वकला प्रतियोगितामा पर्सा जिल्लाका १२ वटा सामुदायिक विद्यालयका १२ जना छात्रछात्रा सहभागी थिए। प्रतियोगितामा नेरामावि बर्वाछोटैलीका उमेश मण्डल प्रथम, जनता मावि पकडिया बडनिहारका दीपाकुमारी द्वितीय र शारदा मावि बहुअरी सुगौलीका प्रतापसिंह राजपूत तृतीय भएका थिए।

पर्सा जिल्लामा आत्महत्या गर्नेहरूको सङ्ख्या बढ्दै गएपछि बालबालिकाहरूमा जनचेतना जगाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको आसमान नेपालका जिल्ला संयोजक मुनीलाल बैठाले बताए।

कार्यक्रममा आसमान नेपालकी आस्था सुवेदी, सुजाता चौबे, चन्द्रावती असलामी, रीता साह, धर्मेन्द्र चौरसियाले निर्णायकको भूमिकामा थिए।

# पर्सामा बाली स्वास्थ्य उपचार शिविर शुरू

प्रस, पोखरिया/पर्सागढी, ११ असोज/

कृषि ज्ञान केन्द्र, पर्साले आइतवारदेखि पर्सा जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकामा बाली संरक्षण शिविर शुरू गरेको छ।

धानबालीमा देखिएका रोग र कीराको जाँच गर्न तथा आवश्यकता अनुसार सुझाव दिन अधिकृतस्तरीय प्राविधिकहरूको टोलीले पर्सागढी र पोखरिया नगरपालिकामा शिविर सञ्चालन गरेको थियो।



पर्सागढी नगरपालिकामा आयोजित कार्यक्रम



पोखरिया नगरपालिकामा आयोजित कार्यक्रम। तस्वीरः प्रतीक

पर्सागढी नगरपालिकाको सेतो गुराँस सहकारी संस्था मनवा र पोखरिया बजारमा आइतवार प्राविधिकहरूले शिविरको आयोजना गरी कृषकहरूलाई धानमा कीराको प्रकोप र रोगको उपचारबारे जानकारी गराएका थिए।

बाली संरक्षण शिविरमा श्याम किशोरप्रसाद, रामकलेश साह, सुरेश चौरसिया, मुनीलालप्रसाद, समसुल हक, विश्वेश्वर यादवलगायतले कृषकहरूलाई बाली स्वास्थ्य उपचारबारे जानकारी गराएका थिए।

कार्यक्रममा कृषकहरूलाई धानबालीमा छर्किने विभिन्न रोगका औषधि वितरण गरिएको थियो।

त्यस्तै, सोमवार सखुवाप्रसौनी गापाको पंचगावाँ र पकाहामैनपुर गापाको बजारमा शिविर आयोजना गरिने कृषि ज्ञान केन्द्र पर्साका प्रमुख डा रामचन्द्र यादवले बताए।

# फुटपाथमा राखिएका मोटरसाइकल कारबाईमा

प्रस, वीरगंज, ११ असोज/



फुटपाथमा राखिएका मोटरसाइकल नियन्त्रणमा लिंदै ट्राफिक प्रहरी। तस्वीरः सौजन्य

ट्राफिक प्रहरी कार्यालय, पर्सा र ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा आइतवार आदर्शनगर क्षेत्रको फुटपाथमा राखिएका मोटरसाइकलहरूलाई कारबाई गरिएको छ।

सडकमा पार्किङ निर्धारण गरेको क्षेत्रमा नराखेर फुटपाथमा मोटरसाइकल राखेका पचासजनालाई कारबाई गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए।

यसैगरी, आदर्शनगर चोकदेखि कैलाश होटलसम्म फुटपाथमा राखेका मोटरसाइकलधनीहरूलाई आज चेतावनी दिइएको उनले बताए।

सो स्थानमा दुईतर्फी सवारीसाधन चल्ने हुँदा पार्किङ निषेध गरिएको अवस्थामा फुटपाथमा मोटरसाइकल राखिएकाले आज चेतावनी दिइएको र भोलिदेखि कारबाई गरिने अध्यक्ष खेतानले बताए।

कार्यक्रममा ट्राफिक प्रहरी निरीक्षक कमलराज पण्डित, प्रनानि सूर्यबहादुर थापामगर, वीरेन्द्र साहलगायतको सहभागिता थियो।

# सामरीले बगाउँदा दम्पतीको मृत्यु

बागमती, ११ असोज/रासस

मकवानपुर जिल्लामा खोलाले बगाउँदा एक दम्पतीको आइतवार मृत्यु भएको छ।

मकवानपुरगढी गाउँपालिकामा सामरी खोलाले बगाउँदा पतिपत्नीको मृत्यु भएको हो। मकवानपुरगढी–६ बाट वडा नं ३ तर्फ जानेक्रममा खोला तर्दा सोही ठाउँका ज्ञानबहादुर परियार र उनकी पत्नी तुलसाको बगेर मृत्यु भएको इलाका प्रहरी कार्यालय मकवानपुरगढीका प्रहरी नायब उपरीक्षक कृष्ण केसीले जानकारी दिए।

उनीहरूलाई खोलाले बगाएर ६० फिट तलसम्म पुऱ्याएको थियो। यसअघि मकवानपुरका विभिन्न स्थानमा खोलामा शनिवार डुबेर तीनजनाको मृत्यु भएको थियो। केही दिनयता परेको अविरल वर्षाले मकवानपुरका विभिन्न खोलामा पानीको बहाव तीव्र भएको छ।




# जनमत पार्टीको वडास्तरीय समिति गठन

प्रस, पर्सागढी, ११ असोज/



पर्सागढी नगरपालिका वडा नं. ४ र ९ मा जनमत पार्टीले समिति गठन गरेको छ। जनमत पार्टी महिला समितिकी अध्यक्ष अनीता रौनियारको प्रमुख आतिथ्यमा वडास्तरीय समिति गठन गरिएको हो। कार्यक्रममा अध्यक्ष रौनियारले जनमत पार्टी स्वतन्त्र र स्वच्छ रहेको भन्दै यसमा सबै समुदायका व्यक्ति आबद्ध हुन अनुरोध गरेकी थिइन्।

## नेशनल...........

एकजना महिला, एकजना पुरुष र रौतहटका दुईजना पुरुष निको भएर घर फर्केका छन्।

बाबा होटलमा हालसम्म १० जना निको भएका र चारजनाको मृत्यु भएको अस्पतालले जनाएको छ।

पर्सामा कोरोना सङ्क्रमणको कारण ४५ जनाको हालसम्म मृत्यु भइसकेको छ भने २ हजार ५ सय ४७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। गत शुक्रवारसम्म पर्साका २ हजार १ सय ३३ जना निको भएर घर फर्किसकेका छन् भने २७ जना सामुदायिक आइसोलेशनमा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। पर्सामा हाल २५० जना सक्रिय कोरोना सङ्क्रमित रहेका छन्।

## खुला रक्तदान कार्यक्रम

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र मुर्ली, श्रीपुर र वडा प्रहरी कार्यालय श्रीपुरको संयुक्त आयोजनामा २०७७ असोज १२ गते सोमवार बिहान ८ बजेदेखि सामुदायिक सेवा केन्द्र मुर्ली–श्रीपुरको प्राङ्गण, त्रिमूर्तिचोकमा खुला रक्तदान कार्यक्रमको आयोजना गरिने भएकोले सहभागी भइदिन हार्दिक अनुरोध छ। *– सामुदायिक सेवा केन्द्र, मुर्ली, श्रीपुर*



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

